गाउँसभाका आदरणीय अध्यक्ष ज्यू, प्रमुख प्रशासकीय अधिकृत ज्यू, कार्यपालिका सदस्य ज्यूहरु, गा.पा.का विभिन्न शाखा प्रमुख तथा अन्य कर्मचारी साथीहरु :

१) नेपाल एक स्वाधिन र सार्वभौमसत्ता सम्पन्न मुलुकको रुपमा रहि आएको छ । हाम्रो वर्तमान जटिल एवं चुनौतीपूर्ण रहेतापनि विगत गौरवपूर्ण छ । साथै हाम्रो भविष्य उज्जल र धेरै सम्भावनायुक्त छ । फरक फरक समयमा नेपाली जनताले गरेका वलिदानीपूर्ण जनआन्दोलन, जनयुद्ध, मधेश आन्दोलन लगायतका अन्य सबै आन्दोलनबाट संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको संविधान २०७२ घोषणा भई जनताले संवैधानिक रुपमा परिवर्तनको अनुभूति गरिरहेको छन् । संविधानको सर्वस्वीकार्यता बढाउदै निर्माणको ऐतिहासिक अवसरको रुपमा लिई अघि बढ्नु छ ।

२) गरिमामय सभाका अदरणीय सभाध्यक्षज्यू

आज म यस गरिमामय सभामा त्रिपुरासुन्दरी गा.पा.को आ.व. २०७६।७७ को पाँचौं गाउँसभाको बार्षिक वजेट पेश गर्न पाउँदा आफुलाई गौरवशाली ठानेको छु । यस क्षणमा आन्दोलनमा आफ्नो जोन बलिदान गर्ने सम्पूर्ण ज्ञात अज्ञात शहिदहरुप्रति श्रदान्जली अर्पण गर्दछु ।घाइते वेपत्ता नागरिकहरुमा सम्मान प्रकट गर्दछु ।

३) स्थानीय तहको निर्वाचनभई मुलुक स्थानीय शासन र विकास निर्माणमा प्रत्येक नागरिक आफै संलग्न हुने वातावणा बनेको छ । राजनितिक प्रणालीप्रति नागरिकको भरोसा पुन स्थापित भएको छ । यो समयलाई आर्थिक विकास गर्नु हो । लोकतन्त्रको आधारस्तम्भको रुपमा रहेको स्थानीय तहलाई बलियो नबनाई लोकतन्ण संस्थागत हुन सक्दैन ।

सभाध्यक्ष महोदय,

- सोच :

***"सक्षमसवलबाट गाउँपालिका निर्माण हाम्रो अभियान भन्ने सोच र व्यवहार सहित सवल स्थानीय सरकार"***

- लक्ष्य :

  गा.पा. को भौतिक आर्थिक सामाजिक तथा सांस्कृतिक विकास गरी सामाजिक न्याय सहितको जनमुखी आर्थिक प्रणाली हुदै जनताको आय र जीवनस्तरमा बद्धि गर्ने ।

- उदेश्य :

  क) नेपालको संविधान २०७२ र स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले दिएको जिम्मेवारी र कर्तव्य पुरा गर्ने ।

  ख) जनस्वास्थ्यको दृष्टीले स्वास्थ्य पर्यावरणमैत्री भौतिक पूर्वाधार निर्माण गरी प्रकृतिक साधन र स्रोतको परिचालन गर्दै लैजाने ।

  ग) कृषि एवं साना घरेलु उद्योग रोजगारमुलक व्यवसायलाई बढावा दिइने ।

  घ) प्रशासनलाई शसक्त पारदर्शी र प्रभावकारी बनाउदै लगिनेछ ।

ङ) राज्य तथा गा.पा. बाट प्रदान गरिने सेवा सुविधा आम नागरिकको सहज पहुच अभिबृद्धि गरी भौतिक आर्थिक सामाजिक तथा सांस्कृतिक रुपान्तरण गर्दै जाने ।

च) उत्पादनशिल रोजगारउन्मुख न्यायपूर्ण वितरणको माध्यमबाट आर्थिक बृद्धि हासिल गरी गरिबी घटाउने ।

५. वजेटले लिएको माथिको उदेश्यहरु हासिल गर्न आगामी आर्थिक वर्ष २०७६।७७ के वजेटका प्राथमिकीकरण देहाय बमोजिमको निर्धारण भएको छ ।

क) सम्बृद्ध भौतिक पूर्वाधार निर्माण दिगो वातावरण मैत्री सडक पूर्वाधार (निर्माण)

ख) आधारभूत शिक्षाऽ स्वास्थ्य, खानेपानी तथा सरसफाईमा पहुचबृद्धि

ग) कृषि, साना घरेलु उद्यम व्यवसाय र पशुपालन व्यवसायिकरण गरी आर्थिक विकासमा स्रोत र श्रमको उच्च प्रयोग गर्न

घ) स्थायी उत्पादन र उत्पादकत्वलाई बृद्धि गर्न

ङ) प्रभावकारी सेवा प्रवाहको सुनिश्चितता गर्ने

च) निजीसहकारी तथा गैर सरकारी संस्थाहरुसँग सहकार्य गरी लगानी बढाउन ।

६. आयोजना प्राथमिकीकरणका आधारहरु

- ❖ गाउँ क्षेत्रको आर्थिक विकास र गरीवी निवारणमा प्रत्यक्ष योगदान दिने ।
- ❖ उत्पादनमुलक र छिटो रोजगार दिने ।
- ❖ ठुला क्रमागत वजेटको हकमा बढिमा ३ वर्षमा प्रतिफल दिने ।
- ❖ राजश्व परिचालन र आन्तरिक आयबृद्धिमा दिगो योगदान दिने ।
- ❖ सेवा प्रवाह संस्थागत विकास र सुशासनमा योगदान दिने ।
- ❖ स्थानीय स्रोत साधन प्रविधिमा आधारित भई जनसहभागितमा बृद्धि गर्ने ।
- ❖ लैङ्गिक समानता सामाजिक समावेशिकरण सामाजिक सद्भाव तथा भाइचारा अभिबृद्धि गर्ने ।
- ❖ दिगो विकास वातावरण संरक्षण र विपद व्यवस्थापनमा सहयोग पुग्ने ।
- ❖ रोजगारीको अवसरमा बिद्ध गर्ने ।
- ❖ शिक्षा स्वास्थ्य खानेपानी र सरसफाइ र सिंचाईमा लगानी गर्ने ।
- ❖ स्थान विशेषको संस्कृतिक पहिचान एवं प्रवर्द्धन गर्ने ।

७. अब म यस त्रपुरासुन्दरी गाउँपालिकाको आ.व. २०७६।७७ को बजेट तथा निति कार्यक्रम प्रस्तुत गर्न गइरहेको छु । यो पाँचौं वार्षीक वजेट प्रस्तुत गर्न पाउदा निकै खुसी छु । आ.व. २७६।७७ को बजेट तथा नीति तयार गर्दा स्वीकृत वार्षिक वजेट तथा कार्यक्रमको मुलमर्म सिद्धान्त र पद्धतिलाई आत्मासाथ गरेको छु । स्थानीय तहलाई बलियो नबनाई लोकतन्त्र संस्थागत हुन नसक्ने हुदा हाम्रो वजेट जनमुखी हुन आवश्यक रहेको देखिन्छ । गा.पा.ले लिएको सोच, लक्ष्य र उदेश्य क्षेत्रगत निति तथा कार्यक्रम कार्यान्वयनको लागि वजेट विनियोजन र स्रोतको व्यवस्थापनको योजना प्रस्तुत गर्दछु ।

७.१ आ.व. २०७६|७७ को निति कार्यक्रम कार्यान्वय गर्न वित्तीय सामानीकरण तर्फ रु. १४१५७८०००, सर्शत तर्फ १७२२४३०००, राजश्व बाँडफाँड तर्फ ८४३७२०००, समेत कुल रु. ४८ करोड ४८ लाख १३ हजार वजेट पेश गरेको छु ।

आन्तरिक आम्दानितर्फगत आ.व. २०७४|७५ को भूमि र मालपोत करबाट ३५००००, स्थानीय तहबाट हुने सिफारिस तर्फ रु. १८९३२२.० गरि जम्मा रु. २२४३२२० र चालु आ.व. ०७५|७६ मा भुमिकर मालपोत तर्फ ४९०००००, सम्पत्ति कर तर्फ ३२००००ऽ व्यवसाय कर तर्फ ३६०००, स्थानीय तहबाट उठाइएको सिफारिस दस्तुर लगाएतमा १४०००००ऽ नदीजन्य वस्तुगिट्टी, ढुङ्गा बालुवा तर्फ ७९२०००० समेत गरि कुल आन्तरिक आम्दानि १४९००००० प्राप्त भएको छ । आगामी चालू आ.व. ०७६|७७ मा कूल आन्तरिक आम्दानि १६६२२०००० प्रक्षेपण गरिएको छ ।

आ.व ०७६|७७ को लागि कुल वजेट ४८४८१३००० मध्ये चालू तर्फ ६००००००० अर्थात् कूल वजेटको १२.३७ % चालूतर्फ र समग्र वजेटलाई हेर्दा कूल वजेटको ८७.६२% पूँर्जीगत तर्फ विनियोजन गरेको छु । कुल बजेट रु. ४८४८१३००० मा सर्शत तर्फको १७२२४३००० र चालू तर्फको वजेट घटाउदा हुन आउने पूँर्जीगत रकम रु. २५२५७०००० हुन आउछ अर्थात् यो कूल वजेटको ५३% हुन आउछ । पुर्जीगत तर्फको २५२५७०००० मा ३% ले हुन आउने रकम रु. ७५७७१०० योजना व्यवस्थापन अर्थात् कन्टीनेन्सी तर्फ छुट्याई हुन आउने रकम रु. २४४९९२९०० हुन आउने रकम त्यति विभिन्न योजना कार्यक्रममा बाँडफाँड गरिएको छ जसमा रु. १०६९९२९०० वडागत रुपमा छुट्याइ बाँकी १३८००००००गाउँपालिका स्तरका योजना तथा कार्यक्रममा विनियोजन गरेको छु । जसमध्ये समपुरक कोषको लागि रु. ३ करोड गाउँपालिकाको अकस्मिक कोषको लागि रु. ५० लाख र विषयगत शाखा, स्वास्थ्य, कृषि र भेटनरीको लागि रु. २ करोड ५० लाख, गाउँपालिकामा रङ्गशाला बनाउन जग्गाको लागि मुअब्जा वितरण गर्न रु. २ करोड विनियोजन गरी अन्य रकम गाउँपालिका स्तरीय योजना तथा कार्यक्रमका लागि विनियोजन गरेको छु ।

स्रोत अनुगमन तथा सीमा निर्धारण समितिको मिति २०७६|०३|०६ गतेको निर्णय अनुसार गा.पा. को गौरव योजनाको लागि ४ करोड आयोजना कार्यक्रम को लागि समपुरक कोषमा ३ करोड विषयगत कार्यलयको लागि अनुदान कार्यक्रम खर्च २ करोड ५० लाख राष्ट्रिय अन्तराष्ट्रिय दिगो विकास र प्रतिवद्धताका लागि १० लाख, गा.पा. को आकस्मिक कोषको लागि २० लाख + गा.पा. बाट सञ्चालित आयोजना कार्यक्रमको लागि ३ करोड ५० लाख गरी कुल जम्मा १३८००००० (तेह्र करोड असि लाख) को वजेट नर्धारण गरिएकोमा विषयगत शाखाको लिग अनुदान र कार्यक्रम खर्च

२ करोड ५० लाख विनियोजन गरेको छु ।

समपुरक कोष वापत ३ करोड

आकस्मिक कोष वापत ५० लाख निर्धारण गरी अन्य सबै रकमहरु गा.पा. का विभिन्न आयोजना कार्यक्रमका लागि विनियोजन गरेको छु । जसमध्ये गा.पा. का ठुला योजनाहरु : गणेशथान खहरे सडक स्तरउन्नतीको लागि रु. ५० लाख, आँपचौर वेलुङ सडक स्तरउन्नीको लागि रु. २५ लाख, ठुलवेशी मुर्चोक सडक स्तरउन्नतीको लागि रु. ३० लाख, सकटार विर्ता छँपथोक सडक स्तरउन्नतीको लागि रु. २० लाख, आगिन्चोक वेलुङ गरगरे सडकको लागि ४० लाख विनियोजन गरेको छु ।

साथै गा.पा. का मुख्य मुख्य सडक र महत्वपूर्ण स्थानहरुमा सौर्यवत्ती जडान गर्ने कार्यक्रमको लागि ५० लाख विनियोजन गरेको छ । यसैगरी वडाका विभिन्न महत्वपूर्ण सार्वजिनक स्थल र सडकहरुमा -♦-------- सर्भर र विद्युतीय उपकरण सहितको सफ्टवेयर जडानको लागि रु. १५ लाख, गा.पा. नयाँ भवन फर्निचर खरिद रु. १० लाख, मेशिनरी औजार खरिदको लागि रु. ५ लाख, सीप तथा क्षमता विकासका लागि महिला तथा क्षमता विकास रु.१४ लाख, घरेलु तथा साना उद्यम व्यवसायीक प्रबर्द्धनको लागि रु. छ लाख, अपाङ्ग क्षमता विकास तथा आवश्यक सामान खरिद रु. ७ लाख र जेष्ठ नागरिक सम्मानको लागि रु. ५ लाख, विनियोजन गरेको छ ।

यसैगरी खा.पा. तर्फ : अघिल्लो वर्ष जस्तै अगामि आर्थिक वर्षको लागि पनि वडा नं. २ सल्यानटार खा.पा. को लागि रु. १० लाख र वडा नं. १ (पाँचधारे खा.पा. सुधार) रिजालगाउँ, वसौलागाउँ, चाक्सीगाउँ, डाडागाउँको लागि रु. १० लाख विनियोजन गरेको छ ।

विषयगत शाखा तर्फ विनियोजित २ करोड ५० लाखमध्ये शिक्षा शाखातर्फ १ करोड २० लाख, स्वास्थ्य तर्फ ७० लाख, कृषि शाखातर्फ ४० लाख, भेटनरी शाखातर्फ २० लाख गरी जम्मा २ करोड ५० लाख विनियोजन गरेको छ ।

यसैगरी गा.पा. बाट विनियोजित ठूला योजनाको लागि हटिया डिप वोरिङको लागि रु. ३५ लाख, गा.पा. कम्पाउण्डको लागि २० लाख, गा.पा. सवारी खरिदको लागि ४५ लाख, आकस्मिक कोषको लागि रु.५० लाख, कृषि मलखाद सञ्चालन तथा व्यवस्थापन रु.१५ लाख यसैगरी आगामी आ.व. को लागि न्यायीक सम्पादन कार्यको रु. ४ लाख, लैङ्गिक उत्तरदायि वजेट रु. ३ लाख, उद्यम व्यवसाय प्रवर्द्धन रु.५ लाख, यसैगरी गंगाजमुना सल्यानकोट खा.पा. को लागि १० लाख, लमी गुम्बा इष्ट निर्माण रु. ५ लाख, जहाँ बाँझो त्यहाँ वृक्षरोपणको लागि रु. ३ लाख, पन्थ चौतारो ठुलो पधेरो संरक्षण रु. ५ लाख, कमलादेवी आ.वि. संरक्षणको लागि रु. १० लाख, काष्टेखोला कजवे तटबन्धन रु.१० लाख, ह्यापिङ्गे खोला कजवे निर्माण रु ५ लाख, तरजाली पाइप खरिदको लागि रु १० लाख, गोलाङ सामुदायिक भवनको लागि रु ५ लाख, तल्लो काष्टे भवनको लागि रु ५ लाख, जनज्योती आ.वि. सुधार ९ लाख, वडा नं. ३ को वडा कार्यालयको लागि ६ लाख ९० हजार त्यस्तै विविध तर्फ २५ लाख रकम विनियोजन गरेको छ ।

गा.पा. तर्फ वडा नं. १ मा अधारभूत स्वास्थ्य सेवा केन्द्र स्थापना भएकोले सो कार्यलय सञ्चालन तथा व्यवस्थापनको लागि आगामि आ.व. ०७६।७७ मा सो आधारभुत स्वास्थय केन्द्रको व्यवस्थापन समितिको खातामा रु ३० लाख निशर्त अनुदान दिनको लागि सभा समक्ष प्रस्ताव गर्दछु ।

गत आ.व. ०७५।७६ मा सम्पन्न हुन बाँकी विकास निर्माणका कामहरुको बाँकी भुत्तानी आगामि आ.व. ०७६,७७ मा दिनको लागि सभा समक्ष प्रस्ताव पेश गरेको छु ।

जसमा गा.पा. भवनको लागि रु. ५० लाख, वडा नं. ३ को लागि कार्यलय भवनको लागि रु.३४ लाख, सिसिटिभी क्यामेरा को भुक्तानीको लागि १० लाख ५० हजार को प्रस्ताव पेश गरेको छु ।

**यस बाहेक, वडागत वजेटको सिलिङ**

१० करोड ६९ लाख ९२ हजार ९०० कायम गरिएकोले प्रत्येक वडाले समानुपातिक रुप प्राप्त गरेको १ करोड ५२ लाख ८४ हजार ७०० को कार्यक्रम तथा वजेट समेत यहाँ प्रस्तुत गरेकोले सम्बन्धीत वडा अध्यक्षहरुले प्रस्तुत गर्नुहुनेछ ।

सम्मानीय गाउँसभा :

आर्थिक वर्ष ०७६।७७ को वजेट निति तथा कार्यक्रमको अभिन्न अङ्गको रुपमा रहेको आयव्ययाको विवरण, राजश्व तथा अनुदान प्राप्तिको अनुमान, व्याय अनुमान, वित्तीय व्यवस्थाको अनुमान, कार्यक्षेत्रगत व्याय अनुमान, बार्षिक विकास कार्यक्रम, शर्सत अनुदानको कार्यक्रम अनुसूचीमा राखि पेश गरेको छु ।

अन्त्यमा आदरणीय सभाध्यक्ष ज्यू लगायत सम्पूर्ण सदस्य ज्यूहरु, कर्मचारी मित्रहरु, सञ्चारकर्मी साथीहरु, नागरिक समाज, सरकारी निजि गैरसरकारी क्षेत्र तथा अम गाउँपालिका वासीहरुबाट पूर्ण सहयोग र सहकार्यको आशा गरेको छु । गाउँपालिकाको विकासमा सहयोग पुर्याउने साथै माथिल्ला सरकारी निकाय राष्ट्रिय तथा अन्तराष्ट्रिय संघसंस्था प्रति हार्दिक आभार धन्यवाद व्यक्त गर्दछु । वजेट निर्माण आवश्यक सर्तलाई र परामर्श दिनुहुन विभिन्न राजनितिक दलका व्यक्तिहरु, बुद्धिजीवी, समाजसेवी सबैमा आभार धन्यवाद व्यक्त गर्दछु । साथै वजेट निर्माणको चरणमा आवश्यक सुझाव दिनुहुने गा.पा. अध्यक्ष ज्यू, प्र.प्र. अधिकृत ज्यू, जनप्रतिनिधि साथीहरु र प्राविधिक सहयोग पुऱ्याउनुहुने सूचना अधिकृत ज्यू, शाखा प्रमुख ज्यूहरु, सम्पूर्ण कर्मचारी साथीहरु तथा गा.पा.को आन्तरिक आयमा बृद्धिका निम्ति आफ्ना व्यवसाय मार्फत सहयोग गर्नुहुने आम गाउँपालिका वासीप्रति हार्दिक आभार एवं धन्यवाद प्रकट गर्दछु । आगामि दिनहरुमा आदरणीय सम्पूर्ण गाउँपालिका वासीहरुको सल्लाह सुझाव तथा विकासमा समन्वय कार्य भुमिका निभाउँदै सबैको साथ र सहयोग लिई गाउँपालिकाको सम्बृद्धिमा जुट्न सम्पूर्णमा आवाह्वान गर्दै आम नागरिकको सल्लाहलाई शिरोधार्य गरी अघि बढ्ने बाचा गर्दछु ।